Website: besishaharmun.gov.np
Email: besishaharmunicipality@gmail.com

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.सं. २०८१/०८२
च.नं.

प्रथम पटक प्रकाशित मिति :- २०८१।०४।३१

**विषय :- बेसीशहर नगरपालिका क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन गर्ने कार्यको दररेट पेश गर्ने सम्बन्धि सूचना ।**

बेसीशहर नगरपालिका क्षेत्र भित्र व्यक्ति, संस्था, सार्वजनिक निकाय, पसल, उद्योग, विद्यालय, कलेज, स्वास्थ्य संस्था लगायतबाट उत्सर्जन हुने फोहरमैला व्यवस्थापन गर्ने कार्यका लागि **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११, बेसीशहर नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०७४** बमोजिम सार्वजनिक निजी साझेदारीको अवधारणामा फोहरमैला व्यवस्थापन कार्य सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक संघ/संस्था/फर्महरुबाट तपशिलमा उल्लेखित शर्तहरुको पालना गर्नेगरी सिलवन्दी दररेट प्रस्ताव १५ (पन्ध्र) दिन भित्र पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. बेसीशहर नगरपालिका क्षेत्र भित्रका घर, पसल, उद्योग, प्रतिष्ठान, विद्यालय, कलेज, सार्वजनिक निकाय, स्वास्थ्य संस्था लगायतबाट उत्पादन हुने फोहरमैला संकलन गरी एकिकृत रुपमा नगरपालिकाले तोकिदिएको स्थानमा व्यवस्थापन कार्य कसरी गर्ने भन्ने कार्य योजना पेश गर्नुपर्नेछ ।

२. फोहरमैलाको संकलन, वर्गिकरण, पूनः प्रयोग तथा पृथकिकरण गरी जैविक र अजैबिक छुट्याउने र कम भन्दा कम फोहरमैला तोकिएको स्थानमा विसर्जन कसरी गर्ने हो ? सोको प्रस्ताव पेश गर्नुपर्नेछ ।

३. दररेट पेश गर्ने प्रस्तावदाताले संस्थाको नाम, ठेगाना, सम्पर्क नं., संस्था दर्ता/नविकरण प्रतिलिपी, नागरिकताको प्रमाणपत्र प्रतिलिपी, प्यान/भ्याटमा दर्ता भएको प्रतिलिपी, लगायका कागजातहरु पेश गर्नुपर्नेछ ।

४. फोहरमैला व्यवस्थापन कार्यको कार्यान्वयन सम्वन्धि अनुभव, कार्ययोजना, आर्थिक प्रस्ताव, प्राविधिक प्रस्ताव तथा फोहरमैला व्यवस्थापनसंग सम्वन्धित अन्य उदाहरणीय कार्य केही भए सो समेत पेश गर्नुपर्नेछ ।

५. प्रस्तावदाताले फोहरमैला व्यवस्थापनको काम गर्ने गरी तयार गरेको संगठन संरचना, सेवा सञ्चालन प्रकृया, लाभ लागत तथा जोखिम विश्लेषण, नगरपालिकाले निर्वाह गरिदिनुपर्ने भूमिका समेतको उल्लेख गर्नुपर्नेछ ।

६. तोकिएको म्याद भित्र दर्ता हुन आएका दररेट प्रस्तावहरुलाइ मात्र समावेस गरिनेछ ।

७. दररेट प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौ) दिनको १२.०० बजे खोलिनेछ ।

८. दररेट प्रस्तावको दस्तुर रु.१,०००।०० (एक हजार) मात्र लाग्नेछ ।

९. फोहरमैला व्यवस्थापन सम्वन्धि थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner